# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १** **मितिः २०७८/३/८**

# भागः २

## जयपृथ्वी नगरपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा योजना २०७८

**१. परिचयः**

भू परिवेष्ठित देश नेपालको सुदुरपरिश्चम प्रदेशको उत्तरी भागमा अवस्थित रहेको बझाङ्ग जिल्लाको दक्षिणी पूर्व क्षेत्रको पहाडी भागमा यो जयपृथ्वी नगरपालिका अवस्थित रहेको छ। यो नगरपालिका २०७१ साल वैशाख २५ गते नेपाल सरकारको मन्त्री परिषदको निर्णय अनुसार साविकका ५ ओटा गा.वि.स.हरु चैनपुर, रिठापाटा, सुवेडा, हेमन्तवाडा, लुयाटालाई मिलाएर गठन गरिएको हो। पहाडी जिल्ला बझाङ्गको भुभागमा अवस्थित यस नगरपालिकालाई पु:न स्थानिय तह निर्धाण आयोगको प्रतिवेदन बमोजिम साविको कैलाश गा.वि.स. र जयपृथ्वी नगरपालिकाका वडाहरु मिलाएर हाल जयपृथ्वी नगरपालिका कायम रहेको छ, जसको केन्द्र साविकको जयपृथ्वी नगरपालिका वडा नं.४ र हालको वडा नं. १० मा रहेको छ। मिति २०७३।११।२७ गते नेपाल सरकारद्धारा प्रकाशित खण्ड ६६, संख्या ५८, नेपाल राजपत्र भाग ४ को पृष्ठ नं. ३५८मा प्रकाशित राज्य पुर्नसंरचनाको प्रतिवेदन अनुरुप यस नगरपालिकाको जम्मा ११ वडा कायम गरिएको छ। यस भूमिमा जन्मिएका मानवतावादी राजा जयपृथ्वी बहादुर सिंहले पुर्‍याएको योगदानलाई सम्मान गर्दै उहाँको नाममा यस नगरपालिकाको नामाकरण गरिएको हो। जयपृथ्वी नगरपालिका बझाङ्ग जिल्लाको सदरमुकाम, इतिहास बोकेको सुन्दर नगरपालिका हो।

यो नगरपालिकामा जम्मा २८८६५ जनसंख्या रहेकोमा महिलाको संख्या १४३१६ र पुरुषको संख्या १४५४९ रहेको छ । जम्माघरधुरी ४७३३ छन भने कुल क्षेत्रफल १६६.७८ बर्ग कि.मि छ । जनघनत्व १७२.०७ प्रति बर्ग कि.मि भएको यस न.पा.मा ब्रामण, क्षेत्री, ठकुरी,जनजाती र दलित जातजातिको बसोबास छ ।

यो नगरपालिकाको पूर्वमा मष्टा गा.पा. र बाजुरा जिल्ला,पश्चिममा छबिस पाथीभरा र सुर्मा गा.पा., उत्तरमा सुर्मा, तल्कोटर साइपाल गा.पा., दक्षिणमा खप्तडछान्ना र छबिस पाथीभरा गा.पा. रहेको छ । पौराणिक र ऐतिहासिक पर्यटकीय स्थलहरुमा भोपुर दरबार, हात्तीसार दरबार, कैलाश गुफा, गोरेपाटन, बारील भरना, सिद्धमनाना, चुलिटिका रहेको छन् । सूर्मा देवी मन्दिर, जाल्पा देवी मन्दिर, नाननदेव, डाँडाबाघ, बाठपाली, कैलाश धार्मिक मन्दिर रहेका छन् ।

**२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा योजनाको आवश्यकता र औचित्यः**

देशमा संघीय संरचना अन्तर्गत तीन तहको सरकार निर्माण भएको छ । संविधान प्रदत्त अधिकारहरु, नेपाल पक्षराष्ट भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा निहित प्रतिवद्धता एवं नेपाल सरकारले आत्मसाथ गरेका सुझावहरुका साथै दिगो विकास लक्ष्यलाई समेत स्थानियकरण गर्न विकासका योजना एवं बजेट ब्यबस्थापनका क्रममा आत्मसाथ गर्नु सबैतहका सरकारको दायित्व हो ।

संविधानले विभेदलाई समृद्धि र विकासलाई प्रभाव पार्नेप्रमुख तत्वको रुपमा आत्मसाथ गर्दै समानताको अधिकारलाई मौलिक आधिकारको रुपमा ग्यारेण्टि गरेको छ। तर लामो समय देखि देशमा जातिय, वर्गिय, लैंगिक, क्षेत्रिय, भाषिक, यौनिकता, शारीरिक क्षमताका आधारमा बिभेद हुदै आइरहेको छ जस्का कारण उनिहरुलाई विकासको मुलधारमा आउन र सेवा सुबिधाबाट पनि बञ्चित भएका छन । नेपाल को संविधान, २०७२ ले मौलिक हक संम्बन्धि ब्यवस्था गरी सबैलाई सम्मान पूर्वक बाच्न पाउने हक, समानताको हकको व्यवस्था गरीए पनि सामाजिक र सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न बर्गहरुमा भइरहेको विभेद ब्यबहारमा रुपान्तरित गर्न अझैं सकिएको छैन ।

कुल जनसंख्याको ५१.५ प्रतिशत महिलालाई सामाजिक मूल्यमान्यताका कारण हेर्ने फरक दृष्टिकोणले हरेक क्षेत्रमा विभेद र हिंसा भोग्नुपर्ने बाध्यता रहेको छ । यो अवस्थारहुन्जेल समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना हासिल गर्न सकिंदैन । यो आत्मसाथ गरिएको तथ्य हो । त्यसैले नै संघिय सरकारद्धारा “लैंगिक विभेदको अन्त्यः समृद्ध नेपालको गन्तब्य” भन्ने नाराका साथ २०७६ लाई लैंगिक विभेदको अन्त्य गर्ने अभियानमा केन्द्रित गर्ने उद्घोष गरेको छ ।

हिंसाले ब्यक्ति, परिवार, समुदाय र सिङ्गो राष्ट्रमा नै प्रभाव पारिरहेको छ । महिला माथिहुने हिंसाले महिलाको शारीरिक, मानसिक, स्वास्थ्यमा असर पार्नुका साथै उक्त महिलालाई हिंसा गर्ने ब्यक्तिलाई, उनका सन्तानलाई एवं परिवारका अन्य सदस्यलाई पनि प्रत्यक्ष रुपमा प्रभाव पर्दछ । त्यसैले झट्ट हेर्दा महिला माथि हुने हिंसा महिलाको समस्याको रुपमा देखिएतापनि यो हरेक व्यक्ति,परिवार, समाज र राष्ट्रको समस्या हो । राज्यले ठूलो स्रोत हिंसा प्रभावित महिला, बालबालिकाहरुको शारीरिक, मनोबैज्ञानिक, स्वास्थ्य पुनर्स्थापना तथा न्यायिक उपचारकालागि लगानी गर्नु परिरहेकोछ । यो अवस्था रहँदा सम्म मुलुकको कुल उत्पादकत्व क्षमता बृद्धि हुन सक्दैन । यसको नकारात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा समेत पर्न जान्छ ।

नेपालको संविधान २०७२ को मौलिकहकको धारा १६ अनुसार प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्नपाउने, धारा १८ (३) ले राज्यले नागरिकहरूका बीच लिंग, जात, जाति, धर्म, वर्ण, आर्थिक अवस्था,

भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने, धारा ३८ (१)ले प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीयहक (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वाअन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्यकुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक र धारा ४२ ले सामाजिक न्यायको हकलाई सुनिश्चित गरेको छ ।

नेपालको संविधानको धारा २९६ को उपधारा १ को प्रयोग गरीस्थानिय सरकार संचालन ऐन २०७४उपदफा ३ मा प्राथमिकता दिनुपर्ने योजना मध्ये च) महिला, बालबालिका र पिछडिएको क्षेत्र, समुदाय रवर्ग लाई प्रत्यक्ष लाभ पुग्ने । छ) लैंगिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि हुने खालका कार्यक्रम समावेश गरी कार्यक्रको रणनीतिको योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोछ ।

स्थानिय सरकार संचालन ऐन २०७४ले (विकास कार्य अन्तर्गत ३०), वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि पारीएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने र (३२) बालविवाह, बहुविवाह, लैगिक हिंसा, छुवाछुत, दाइजो, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने /गराउने जिम्मा स्थानिय सरकारलाई तोकेको छ ।

त्यसै गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि ऋभम्ब्ध ऋयफष्ततभभ ९द्दण्ज्ञड०ले नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिला, बालबालिका, अपाङ्ग, दलित, लैंगिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, सीमान्तीकृत, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न बर्गहरु विरुद्ध हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेद अन्त्य गर्न नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिसांको मुद्दा दर्ताको हद म्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र हानिकारक अभ्यासले पार्ने दुष्प्रभाव बिरुद्ध धर्मगुरु सहित जनचेतनाका लागि ठोस लक्ष्य, रणनीति बिकास गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । यसैगरी दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा संसारका सबै देशहरु गरिवी अन्त्य गर्न, सबैलाई गुणस्तरिय स्वास्थ्य, शिक्षा, रोजगारी, लैंगिक समानता तथा समावेशीकरण सुनिश्चित गर्न प्रतिवद्ध छन् । त्यस कारण पनि लैंगिक संवेदनशीलता तथा समावेशीकरण नीति तयार गरि काम गर्न आवश्यकता रहेको छ ।

समुदायतहमा रहेका विभेदकारी मूल्यमान्यताहरु परिवर्तन नभएसम्म संविधान प्रदत्त समानताको हक पुरा हुन सक्दैन । यो नीति अनुरुप स्थानिय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता राखिएको छ । स्थानिय सरकारले संवैधानिक अधिकार सबै नागरिकले उपभोग गर्न सक्ने वातावरण निर्माण गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार सुनिश्चित गर्न गरेका प्रतिवद्धता र सुझावलाई कार्यान्वयन गर्न, दिगो विकास लक्ष्यको उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न, लैगिक समानता तथा समावेशीकरण कायम गर्न, नगरपालिकामा संचालन गर्ने सबै कार्यक्रम एवं बजेट लैंगिक मैत्रि बनाउँदै लैंगिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्दै अगाडि बढ्नको लागि लैंगिक संवेदनशील नीति आवश्यक छ भन्ने मान्यता राखी जयपृथ्वी नगरपालिकाद्धारा लैंगिक संवेदनशील, समावेशीकरण नीति तथा योजना निर्माण गरिएको छ ।

**लैंगिक संवेदनशिल, समावेशीकरण नीतितथा योजनाको आवश्यकता बुँदागत रुपमा**

- नेपालको संविधानद्धारा प्रदत्त समानताको अधिकार लगायतका मौलिकहक तथा महिला महासन्धिको समानता सम्बन्धि सिद्धान्तलाई आत्मसाथ गर्दै ब्यबहारीक रुपमा स्थानियतह देखि कार्यान्वयन गर्ने आधार तयारगर्न ।
- दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा गरिवीको अन्त्य, सबै प्रकारका विभेदको अन्त्य, सबैकालागि गुणस्तरीय शिक्षा, स्वास्थ्य,जस्ता आधारभूत अधिकारहरुको सुनिश्चितता गर्न, लैंगिक समानता र समावेशीकरण कायम गर्ने जस्ता लक्ष्यहरु पुरा गर्ने आधार तयार गर्न ।
- लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न ।
- महिला, बालबालिका, अपाङ्ग, दलित, लैंगिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, सीमान्तीकृत, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न बर्गहरुमा हुने बिभेदलाई अन्त्य गरी सबैका लागि हिंसा रहित, आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने वातावरण तयार गर्न ।
- स्थानिय सरकारले क्षमता र आवश्यकताको आधारमा योजनाहरुको प्राथमिकिकरण, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने आधार तयार गर्न ।

**३. लैंगिक समानता तथा समावेशीकरण नीतिका आधार स्तम्भहरुः**

* जात, लिंग, वर्ग, पेशा, हिंसा, अपाङ्गता, ज्येष्ठ नागरिक, असहाय, पिछडिएको क्षेत्र, लैंगिक तथा यौनिक अल्पसंख्यक, आदिवासीमा हुने कुनै पनि विभेद अन्त्यका लागि प्राथमिकिकरण ।

* महिलामाथि हुने हिंसा र जायित विभेदको प्रमुख कारकको रुपमा सामाजिक असमानता र लैंगिक विभेदबाट उत्पन्न महिला र पुरुष एवं जातजाती बिचमा रहेको असमान शक्ति सम्बन्ध एवं हानीकारक परम्परा हो भन्ने कुराको आत्मसात ।

* शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको समान पहुँच बढाउन नीतिगत ब्यबस्था ।

*सामाजिक न्याय र समानुपातिक समावेशी सिद्धान्तमा आधारित ।

*मानव अधिकारमुखी शैली

*सहकार्य एवं सहभागितामा आधारित पद्धति

**४.परिवर्तनको सिद्धान्तः**

**विद्यमान समस्या**

महिला, बालबालिका, अपाङ्ग, दलित, लैंगिक तथा यौनिक अल्पसंख्यक, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, सीमान्तीकृत, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न बर्गहरुमा हुने बिभेदका कारण बन्चितिकरण र बहिस्करणमा परी सम्मान पूर्वक बाच्न पाउने हक र समानताको हकलाई पनि उपभोग गर्न नपाइ दोस्रो दर्जाको नागरिक सरह भई हिंसा कुटपिट, घर निकाला, यौन हिंसा, बलत्कार, मानसिक यातना, आत्महत्या, बाल विवाह, बहुविवाह, गाली बेइजती, चारीत्रिक लान्छना, सामाजिक कार्यमा समान सहभागिता नगराउने साथै घर

परिवारबाट सहयोग नहुने, छुवाछुत र सम्पत्तिमा महिलाको अधिकार नहुनु, विकास निर्माणका कार्यमा समान अवसर र सहभागिता हुनबाट बन्चित हुन बाध्य छन।

महिला माथि हुने घरेलु हिंसा कुटपिट, घर निकाला, यौन हिंसा, बलत्कार, मानसिक यातना, पाठेघर खस्ने समस्या, आत्महत्या, बाल विवाह, बहुविवाह, गाली बेइजती, सामाजिक बहिस्कार, चारीत्रिक लान्छना, सामाजिक कार्यमा समान सहभागिता नगराउने साथै घर परिवारबाट सहयोग नहुने,अपांगता र एकल माहिला माथि गरिने विभेद, छुवाछुत र सम्पत्तिमा महिलाको अधिकार नहुनु, विकास निर्माणका कार्यमा महिला, दलित र अपाङ्ग व्यक्तिको समान अवसर र सहभागिता हुन नसकेका समस्याहरु विद्यमान रहेको छन ।यसबाट महिला तथा बालबालिकाहरू धेरै भन्दा धेरै संख्यामा प्रभावित भएको अवस्था छ । समानुपातिक समावेशी नीति तथा सिद्धान्त अनुरुप विकासको मूल प्रवाहमा पछाडी पारिएको समुह तथा महिलाहरु अपेक्षित रुपमा समाहित हुन नसकेकाले जसको फलस्वरुप नगरपालिकाको समग्र विकासमा असर पर्नुका साथै महिला तथा बालिकाहरु, दलित, अपाङ्ग र अल्पसंख्यकहरुको व्यक्तित्व विकास र मानव अधिकार सुनिश्चित गर्न कठिनाई भएको स्थिति छ ।

**कारण :**

- परम्परागत सामाजिक मुल्य र मान्यता विभेदकारी सामाजिक मूल्य मान्यता, हानीकारक परम्पराका कारण महिलालाई हेर्ने फरकदृष्टिकोण ।
- पितृसतात्मक सोच । महिलाको शरीर माथिआफ्नो नियन्त्रण नहुनु (महिलाको शरीरलाई जे गर्दा पनि हुन्छभन्ने मानसिकता) ।
- महिला पुरुष बिच रहेको असमान शक्ति सम्बन्ध । र घरायसी कामको बोझ ।
- महिला, दलित, जनजाति, अपाङ्ग र लैंगिक अल्पसंख्यकहरुका बिच रहेको असमान शक्ति सम्बन्ध र विभेद ।
- स्रोतमाथिको असमान पहुँच र नियन्त्रण ।

**रणनीति**

- कानूनी अधिकार, सेवा, सुरक्षा तथा सूचनाको अधिकारको सुनिश्चितता गर्ने ।
- लैंगिक असमानता, जातिय विभेद, अपाङ्ग अपहेलित,महिला हिंसा, बाल विवाह, छापडी प्रर्थालाई बढावा दिने सामाजिक मूल्य मान्यता, परम्परागत रुढिवाढि सोचको अन्त्य गर्न अभियान मुलक कार्य समुदाय तह देखि गर्ने ।
- लैङ्गिक हिंसा, जातिय विभेद र अपाङ्ग अपहेलित निवारणका लागि घर,पारिवार र समाज सुरक्षित बनाउन चेतना अभिबृद्धिका कार्य गर्दै महिला, दलित तथा अपाङ्गको आर्थिक सशक्तिकरणका (आय आर्जनको लागि ब्यबसायिक सिप विकास तथा सहयोग गरि आत्मनिर्भर बनाउने) लागि सहजिकरण र सहयोग गर्ने ।
- हिंसातथा विभेद प्रभावितहरुको लागि सहज एवं पहुँचयोग्य सहयोगी संयन्त्रहरुको ब्यबस्था गर्ने ।
- महिला, दलित तथा अपाङ्गलाई परिवर्तनका वाहकको रुपमा स्थापित गर्न, सकारात्मक छवि निर्माण गर्न सञ्चारसंग सहकार्य गर्ने ।
- सरकार, विकास साझेदार, निजी क्षेत्र, नागरीक समाज, विद्यालय, धर्मगुरु, पुरुष, युवा, महिला, दलित, अपाङ्ग सञ्जालहरूबीच कार्यगत एकता, साझेदारी गर्ने

## परिणाम

- लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धि नीति, कार्यविधि, आचारसंहिता, योजना निर्माण गरी कार्यान्वयनका लागि नगरपालिकाले आवधिक योजनामा बजेट विनियोजन गरिएको हुनेछ ।
- प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संरचनाहरु निर्माण गरिएको हुनेछ ।
- महिला, दलित, अपाङ्ग तथा अल्पसंख्यकहरु आर्थिक रुपमा आत्मनिर्भर भएका हुनेछन ।
- लैंगिक उत्तरदायी तथा समावेशी शासन पद्धतिलाई संस्थागत गरिएको हुनेछ । फलस्वरुप नगरपालिकाको कार्यक्रम र बजेट लैंगिक संवेदनशिल तथा समावेशी भई महिला तथा बालिका, दलित, जनजाति, अपाङ्ग माथि हुने विभेद, शोषणको अन्त्य भई आत्मसम्मानपूर्ण,सुरक्षित जीवन बाँच्न पाउने वातावरण तयार हुनेछ ।

## सिद्धान्त

- सकारात्मक सोचःसकारात्मक सोच भएमा हरेक तह र क्षेत्रमा रुपान्तरण सम्भव छ ।
- आफै बाट सुरुवात गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित भई यो योजना तयार गरिएको छ।
- मानव अधिकारको सिद्धान्तलाई अंगिकारः विभेद रहित (Non-discrimination), समता (Equity) र कसैलाईपनि पछाडि नपार्ने (leaveno one behind)
- शून्य सहनशीलता (Zero tolerance)
- गोपनीयताको अधिकार (Rights to Privacy)
- समान, समावेशीकरण एवं अर्थपूर्ण सहभागिता (Equal, social inclusion and Meaningful participation)
- पीडित/प्रभावितको संरक्षण (Security and Protection of the victims/survivors)
- न्यायमा पहुँच बढाउने (Acsess to justices)
- साझेदारिता र सहकार्य (Partnership and collaboration)

## ६. लैंगिक संवेदनशिल, समावेशीकरण नीति तथा योजना निर्माण प्रक्रिया

- नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य लगाएत वडा सदस्यहरु तथा कर्मचारीहरुको सहभागितामा सहभागितात्मक रुपले सम्पन्न लैंगिक तथा समावेशीकरण नीतिको आवश्यकता सम्बन्धि १ दिने गोष्ठिको निश्कर्ष तथा सुझाव ।
- नगरपालिकामेयर, उपमेयर, प्रमुख प्रशासकिय अधिकृतसंग विभिन्न चरणमा सम्पन्न औपचारिक तथा अनौपचारिक बैठक तथा परामर्शबाट प्राप्त सुझाव।
- गठित कार्यदलको बैठक तथा परामर्शबाट प्राप्त सुझाव ।
- सांसद तथा अन्य सञ्जालका प्रतिनिधिहरुसंग गरिएको छलफलबाट प्राप्त सुझाव ।
- नगरपालिकाका सम्पूर्ण निर्वाचित महिला जनप्रतिनिधिहरु तथा महिला मानव अधिकार रक्षकहरु, दलित, जनजाति, अपाङ्ग सञ्जालहरुको परामर्शबाट प्राप्त सुझाव ।

- राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सरकारद्धारा गरिएका मानव अधिकार प्रतिका प्रतिवद्धताहरुको अध्ययन, संघिय एवं प्रादेशिक सरकारद्धारा तयार गरिएको पाँच वर्षे आवधिक योजना, दिगो विकास लक्ष्य प्राप्तीका लागि नेपाल सरकारद्धारा तयार गरिएका सुचक, दलित, जनजाति, अपाङ्ग र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका सम्बन्धमा CEDAW Committee (2018) ले नेपाल सरकारलाई दिएको सुझाव लगाएतका विभिन्न दस्तावेजहरुको अध्ययन साथै न्यायिक समितिमा र प्रहरीमा रिपोर्टिङ्ग भएका महिला हिंसा, अपाङ्ग र जाति विभेदको घटनाको विश्लेषण, विभिन्न श्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै यो लैंगिक संवेदनशिल तथा समावेशीकरण नीतिको खाका तयार गरिएको हो ।

७.**सोच (Vision)**: समानता, सुशासित, जातिय, वर्गिय एवं लैंगिक भेदभाव मुक्त एवं, पहुँचयुक्त, सामाजिक न्याँयमा आधारीत समृद्ध नगरपालिका बनाउने ।

८.**लक्ष्यः** सामाजिक, आर्थिक, राजनीतिक अवसरहरुमा महिला, दलित, अपाङ्ग र अल्पसंख्यकको समान सहभागिता सुनिश्चित गरी लैंगिक, जातिय समानता कायम गर्न लैंगिक हिंसा, जातिय विभेद अन्त्य गर्दै विभेद तथा हिंसामा परेकाहरुको अधिकार सुनिश्चित गर्ने ।

९. **उद्देश्यः**

१.पछाडिपारिएका समूहहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागि सहजिकरण गर्दा महिलाको अवस्थालाई विशेष ख्याल गर्दै महिलाहरुको समानताको अधिकार सुनिश्चित गर्ने

२. लैंगिकतामा आधारित हिंसा र भेदभाव अन्त्य गर्ने ।

३. महिला, बालबालिका, जेष्ठनागरिक, दलित, जनजाति, अपांगता र लैंगिक अल्पसंख्यकको आर्थिक, सामाजिक, राजनीतिक श्रोत र अवसरमा बृद्धि गर्दै निर्णायकतहमा उनीहरुको सार्थक र समान पहुँच बढाउने ।

४. आधारभूत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठनागरिक, दलित, जनजाति, अपांगता र अल्पसंख्यक भएका ब्यक्तिहरुको सहभागिता र अधिकार सुनिश्चित गरी सामाजिक सुरक्षाको ब्यबस्था गर्ने ।

५. नगरपालिका अर्न्तगतका शाखा एवं मातहतका निकायहरुमा संस्थागत एवं कार्यक्रमगत रुपमा लैंगिक तथा सामाजिक समावेशिकरणका विषयमा संवेदनशिल हुन प्रेरित गर्ने ।

१०. **नीतिहरु** :

- सबै प्रकारको लैंगिक विभेद तथा जाति विभेद अन्त्य गरी नगरपालिका भित्रका सबै महिला, दलित, जनजाति, एकल महिला, यौनिक रुपमा अल्पसंख्यक, पिछडिएका, जेष्ठ नागरिक र अपाङ्गले सम्मानीत जीवन जिउन सक्ने वातावरण सुनिश्चित गरिनेछ ।
- लैंगिक समानताको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायी शासन पद्धतीलाई संस्थागत गरिनेछ ।
- महिला, दलित, जनजाति, अपाङ्ग, एकल महिला, यौनिक अल्पसंख्यक ९ ि न्यत्क्ष्त०, पिछडिएका, जेष्ठ नागरिक समानताको लक्ष्य प्राप्त गर्न समावेशीकरण शासन पद्धतीलाई संस्थागत गरिनेछ ।
- दिगो विकास र आर्थिक समृद्धिकालागि महिला, दलित, जनजाति, अपाङ्गको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै विकासका सम्पूर्ण प्रतिफल र लाभ उपभोगमा समान अधिकार सुनिश्चित गर्ने नीतिगत ब्यबस्था गरिनेछ ।

- समाजमा रहेका कुरीतिजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुका कारण महिला, बालिका, किशोरी, दलित, जनजाति, एकल महिला, जेष्ठ नागरिक र अपाङ्गले भोग्नु परेका दुर्व्यबहार, हिंसा र विभेद अन्त्य गर्ने नीतिगत ब्यबस्था गरिनेछ ।
- बालमैत्री, लैंगिकमैत्री तथा अपाङ्गमैत्री भौतिक निर्माणमा जोड दिईने छ ।
- विपद तथा महामारीको पूर्वतयारी तथा प्रतिकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेसिकरणको पनि सुनिश्चितता गरिने छ ।
- नगरपालिकाका नीति, कार्यक्रम र बजेट, परियोजना निर्माण तथा कार्यान्यिन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, लैंगिक उत्तरदायी बजेटको सिद्धान्तलाई आत्मसाथ गरिने छ । नगरको सेवा तथा कार्यक्रम सम्पन्न भई सकेपछि सामाजिक तथा लैंगिक उत्तरदायी बजेट भए नभएको लेखा जोखा गरिनेछ ।
- हिंसा पीडित र प्रभावितहरुको लागि सहयोगी संयन्त्रको विकास गरिनेछ ।
- छोरीको सामाजिक मान्यता बढाउन किशोरी विकास कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक परिवर्तनकारी अवधारणका आधारमा लैंगिक समानताको मूल्य मान्यता बढाउने खालका संचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- हानीकारक अभ्यास, बालविवाह, छाउपडी प्रर्था लगायतका अन्धविश्वास, भ्रुर्ण पहिचान गरी गर्भपतन, यौन तथा लैंगिक हिंसा अन्त्य गर्नका लागि व्यवहार परिवर्तन गर्ने रणनीति बनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाले दिने सेवा तथा संचालन गरिने कार्यक्रममा कोही नछुटुन भन्ने नीति लागु गरिनेछ ।

**११.रणनीतिहरु** :

- लैंगिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीष्करण अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयनमा महिला, दलित, जनजाति, अपाङ्गको समानुपातिक अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागु हुनेरणनीति अवलम्बन गर्ने ।
- नगरपालिकाले तयार गर्ने नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक संवेदनशिल तथा समावेशीकरण बनाउनुका साथै महिला, दलित, जनजाति र अपाङ्गहरुसम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्ने ।
- कानून निमार्ण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाई लैङ्गिक संवेदनशिल तथा समावेशीकरण बनाउन सहजिकरण गर्ने ।
- लैङ्गिक हिंसाका जोखिम कम गर्न समुदायहरूमा वडा सदस्यहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।
- हानीकारक परम्परागत अभ्यासहरु, विभेदपूर्ण सामाजिक मूल्य मान्यताएवं दलित, अपाङ्ग र महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न "परिवर्तन सम्भव छ आफू बाटै सुरु गरौं" जस्ता अभियान सञ्चालन गर्ने ।
- लैंगिक तथा समावेशिता सम्बन्धि खण्डीकृत तथ्यांक ९म्ष्कबननचभनबतभम मबतब०संकलन, विश्लेषण र नियमितरूपमा अद्यावधिक गर्दै समस्या सम्बोधनकोलागि नयाँ रणनीति,योजना तय गर्ने ।

- नगरपालिकाको योजना तथा कार्यक्रमहरू लैंगिक तथा सामाजिक समावेशीकरण केन्द्रित गरी तर्जुमा गर्दा स्थानीय सरकारले नगरवासी, सञ्जाल, संस्थाहरुसंगको समन्वय र सहकार्यमा काम गर्ने ।
- लैंगिक संवेदनशील बजेट र लैंगिक बजेट परीक्षण प्रणाली अवलम्बन गर्ने ।
- सबै प्रकारका हिंसा तथा विभेद न्यूनीकरण गर्न युवा, पुरुष एवं परिवारको नेतृत्वसँगको साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशोरी, युवा, दलित, अपाङ्ग तथा महिलाहरुको सशक्तिकरणका लागि सहजिकरण गर्ने ।
- हाल स्थापित भूमिकामा परिवर्तन ल्याउनसक्ने योजनाहरुको छनौट गरी नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

१२. **रणनैतिक क्षेत्रः** माथि उल्लेखित परिणाम प्राप्त गर्न निम्न रणनैतिक क्षेत्रमा प्राथमिकताका साथ काम गरिनेछ ।

- नेतृत्वलाई बलियो बनाउने (Strengthening leadership)
- क्षमता विकाश (Increasing capacity)
- सहि र रुपान्तरणकारी सूचना प्रवाह (Communicating key message)
- तथ्य/प्रमाण संकलन गर्दै यिनमा आधारीत पैरवी/सहयोग/कार्यान्वयन (Building theevidences)

**१३. रणनीतिले स्थापित गर्न खोजेको परिवर्तनमुखी लक्ष्यहरु :**

- सहकार्यमा आधारीत नेतृत्व
- संस्थागत रुपान्तरण
- सामुदायिक परिवर्तन
- आवश्यक सहकार्य /सहयोग
- अभियानको निरन्तरता
- सामाजिक रुपान्तरण
- बिभेद रहित समाज

**१४. संचालन गर्ने गतिविधिहरु**

| | |
|---|---|
| **१. सबै प्रकारको लैंगिक तथा जातिय विभेद अन्त्य गरी नगरपालिका भित्रका सबै महिला, दलित, जनजाति, जेष्ठनागरिक, लैंगिक अल्पसंख्यक र अपाङ्गहरुले सम्मानीत जीवन जीउन सक्ने** | • समाजमा विद्यमान सबै प्रकारका लैंगिक हिंसा, जातिय विभेद विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।<br>• लैंगिक हिंसा तथा जाति विभेद मुक्त न.पा. घोषणा गर्न सुचकहरु तयार गर्ने ।<br>• लैङ्गिक समानता तथा समावेशीकरण आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने ।<br>• लैङ्गिक, जातिय र अपाङ्गमैत्री शब्द, शव्दावलीको प्रयोग गर्ने ।<br>• संचार माध्यमहरुमा क्रियाशिल पत्रकारहरुको लैंगिक तथा समावेशीकरणको दृष्टिकोण बाट क्षमता बिकास गर्ने ।<br>• सार्वजनिक तथा निजी क्षेत्रका कार्यस्थलमा महिला, बालिका, दलित, अपाङ्गमाथि हुने भेदभावजन्य व्यवहारलाई निषेध गरी सुरक्षित वातावरण निर्माण गर्ने । |

| | |
|---|---|
| **वातावरण सुनिश्चिता गर्न गरिने क्रियाकलाप ।** | • यौनदुर्व्यबहार विरुद्धको कानुनका बारेमा जानकारी गराउने । साथै सार्वजनिक यातायातका सवारी साधनहरु लैंगिकमैत्री बनाउन ब्यबसायीहरुसंग छलफल गर्ने ।<br>• महिला, दलित र अपाङ्ग अधिकार तथा मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकारकर्मी तथा समुदायका महिला, दलित, अपाङ्गहरुको प्रत्यक्ष सहभागितामा लैङ्गिक तथा समावेशीकरण दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने । होटेल, ब्यबसाय संचालकहरूसँग कार्यस्थलमा हुने यौन दूर्व्यवहार नियन्त्रण सम्बन्धी संवाद र अन्तरक्रिया गरी सुरक्षित, मर्यादित तथा सम्मानित कार्यस्थल निर्माण गर्ने ।<br>• महिला, दलित, अपाङ्गहरुलाई आत्मनिर्भर बनाउन सिप क्षमता अभिबृद्धि गर्ने गतिबिधि संचालन गर्ने । महिला, दलित, अपाङ्ग सशक्तीकरणका लागि टोल वडा देखि नैसोच तथा ब्यबहारमा परिवर्तन गर्ने विभिन्न सुचना तथा शिक्षा मुलक गतिविधिहरु संचालन गर्ने ।<br>• मातृमृत्युदर, बाल मृत्युदर घटाउन कार्यक्रम गर्ने साथै सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउन निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने ।<br>• द्यष्चतजष्लन अभलतचभमा लैंगिकमैत्री ब्यबस्थापन गर्ने । गर्भवती जाँच गर्न आउँदा<br>श्रीमतीलाई श्रीमान्ले लिएर संगै आउन थप प्रोत्साहन गर्ने, आउँदा जोडीलाई नै संगै राखेर बच्चाको स्याहार कसरी गर्ने अभिमुखिकरण गर्दै ४ पटक सम्म संगै आउने जोडीलाई थप भत्ता दिने स्किम ल्याउन सकिने ।<br>• अपाङ्गता भएका व्यक्ति माथि हुन सक्ने हिंसा तथा विभेदको अन्त्य गर्दै आत्मनिर्भर बनाउन रोजगारी, स्वरोजगारीका अवसर सिर्जना गर्ने ।<br>• नगरपालिका स्तरीय सबै सामाजिक संघ संस्था विद्यालय ब्यबस्थापन समिति र उपभोक्ता समिति आदिमा महिला, दलित, अपाङ्ग र जनजातीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।<br>• किशोरीहरुलाई उच्च माध्यामिक शिक्षासम्म निशुल्क तथा प्राविधिक शिक्षा जेटिए, पशु स्वा. कार्यकर्ता, ए एन एमपठन पाठनको लागि उत्प्रेरणा सहित छात्रवृत्तिको व्यबस्था गर्ने ।<br>• वर्षको १ पटक नगरपालिका भरीका सक्रिय महिलाहरुको सहभागितामा महिला अधिकारका नयाँ मुद्धाहरुको पहिचान एवं आवश्यकता अनुरुपको क्षमता विकास कार्यक्रम राख्ने ।<br>• नव विवाहित जोडी विवाह दर्ता गर्न आउँदा सकारात्मक सम्बन्ध बिस्तारका लागि नगरपालिका बाट परामर्श गर्ने ब्यबस्था मिलाउने ।<br>• छोरीको सामाजिक मान्यता बढाउनका लागि किशोरी विकास कार्यक्रम संचालन गर्ने र छोरी जन्मने वित्तिकै प्रत्येक बर्ष अब जन्मने छोरीहरुको नाम रु. ५००० का दरले २० बर्ष सम्म बैंक खाता खोली जम्मा गर्ने अभियान गर्ने ।<br>• लैंगिक परिवर्तनकारी अवधारणका आधारमा लैंगिक समानताको मूल्य मान्यता बढाउने खालका संचेतनामुलक कार्यक्रम संचालन गर्ने ।<br>• हानीकारक अभ्यास, बालविवाह, छाउपडी प्रर्था लगायतका अन्धविश्वास, भुर्ण पहिचान गरी गर्भपतन, यौन तथा लैंगिक हिंसा अन्त्य गर्नका लागि व्यवहार परिवर्तन गर्ने रणनीति बनाई कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| | • अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुलाई पञ्जिकरण गर्ने तथा सामाजिक सुरक्षाको दायरामा ल्याउने प्रक्रियागत कार्यको थालनी गर्ने ।<br>• योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृयामा महिला, दलित, अपाङ्गहरुको समान सहभागीता अनिवार्य गर्ने । |

| | |
|---|---|
| **२. लैंगिक समानता तथा समावेशीकरणको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायी बजेट र समावेशीकरण शासन पद्धतीलाई संस्थागत गर्न गरिने क्रियाकलापहरु ।** | • नीति निर्माण तथा योजना तर्जुमाको प्रकृयामा संलग्न रहने सबै जनप्रतिनिधि तथा सरोकारवालालाई लैङ्गिक सम्वेदनशीलता, लैङ्गिक रुपान्तरण, लैङ्गिक उत्तरदायी र समावेशीकरण प्रकृयाबारे अभिमूखीकरण गर्ने ।<br>• नीतिहरु, कार्यविधि तथा रणनीति तयार गरी (प्रजनन स्वास्थ्य सम्बन्धि नीति, लैंगिक समानता तथा समावेशीरकण नीति, जातिय विभेद तथा लैंगिक हिंसा विरुद्धको रणनीति, सामाजिक सुरक्षा नीति) प्रभावकारी कार्यान्वयनमा ल्याउने ।<br>• नगर आवधिक ५ वर्षे योजना तर्जुमा गर्दा लैंगिक संवेदनशिल तथा समावेशीकरण बनाउने ।<br>• नगरपालिका भित्र Gender Focal person तोक्ने ।<br>• नगरपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता, समावेशीकरण र लैङ्गिक हिंसा निवारणका दृष्टिकोणबाट पुनरावलोकन गरि समायोजनका लागि मापदण्ड तयार गरी लागु गर्ने ।<br>• लैङ्गिक उत्तरदायी तथा समावेशीकरण शासन पद्धतिलाई परिणाममूखी बनाउन संयन्त्रहरु गठन गर्ने (हरेक टोल विकास संस्थामा लैंगिक सचेतीकरण र अवस्था पहिचानका लागि समिति निर्माण गर्ने) ।<br>• लैंगिक हिंसार जातिय विभेदमुक्त नगरका लागि आवश्यक संरचनाहरु (लैगिक हिंसा तथा जातिय विभेदमुक्त समन्वय समिति, अनुगमन समिति जस्ता संरचनाहरु) कार्यविधि मार्फत व्यवस्थित गर्ने ।<br>• लैङ्गिक उत्तरदायी तथा समावेशीकरण शासन पद्धति कार्यान्वयन भए नभएको जानकारी लिन लैङ्गिक तथा समावेशीकरण परीक्षण गर्ने पद्धति अपनाउने ।<br>• महिला, जातिय र अपाङ्ग समानता तथा सशक्तिकरणको लागि बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटि बसाल्न निश्चित (प्रतिशत) रकम छुट्याउने नीतिगत ब्यबस्था गर्ने ।<br>• दिगो विकास लक्ष्य अनुसार लैङ्गिक तथा समावेशीकरण सूचकहरूलाई परिभाषित गरी वर्गीकृत सूचना संकलन, विश्लेषण तथा उपयोग गर्ने प्रणालीको विकास गर्ने<br>• महिला, दलित तथा अपाङ्गहरुको नेतृत्वदायी भूमिकालाई अझ बढि प्रभावकारी बनाउन साझेदार संस्थाहरू मार्फत उनीहरुका लागि सामाजिक राजनीतिक सशक्तिकरण गर्ने कार्यक्रमहरू संचालन गर्ने ।<br>• नागरिक सहायता कक्षको स्थापना तथा प्रभावकारी व्यबस्थापन गर्ने ।<br>• नगरपालिका भित्रका हरेक निकायबाट दिइने सुविधाहरु लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउने । कार्यक्रमहरुको अनुगमन र मुल्यांकन लैंगिक तथा समावेशीकरण दृष्टिकोण बाट गर्ने । |

| | |
|---|---|
| **३. दिगो विकास र आर्थिक समृद्धिकालागि महिला, दलित, अपाङ्ग, जेष्ठनागरिक र लैंगिक अल्पसंख्यकको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै प्रतिफल र लाभ उपभोगमासमान अधिकार सुनिश्चितताका लागिगरिने क्रियाकलापहरु ।** | • हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला, १५ प्रतिशत दलित र ५ प्रतिशत अपाङ्ग सहभागीता अनिवार्य गर्ने (हरेक उपभोक्ता समिति समुह संरचनामा पदाधिकारी सहित अर्थपूर्ण प्रतिनीधित्वको व्यवस्था) ।<br>• सामुहिक उद्यमी महिला कार्यक्रमलाई प्रोत्साहन गर्ने । दलित, जनजातीको नाममा<br>• स्थापना गरिने उद्योग ब्यबसायमा विशेष कर छुट र अनुदान प्रदान उपलब्धगराउने ।<br>• आर्थिक रुपमा विपन्न, महिला, दलित,जनजाती र अल्पसंख्यकहरुको लागि नगरपालिका बाट लिइने करमा छुट उपलब्ध गराउने नीतिको अबलम्बन र उत्पादित बस्तुको बजारिकरणका लागि सहजिकरण गर्ने ।<br>• रोजगारिका विकल्पहरुको पहिचान गर्दै र स्वरोजगार सम्बन्धि कार्यक्मलाई प्रोत्साहन गर्ने ।<br>• एकल, बिधवा, तथा आर्थिक रुपले विपन्न (एक्लै परिवार पाल्नुपर्ने) महिलाहरुको सामाजिक सुरक्षा, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिने ।<br>• प्राबिधिक तथा अन्य क्षेत्रहरुमा (जस्तै बिद्युत वाएरिङ, प्लम्बिङ, सवारी वर्कसप, भवन तथा सडक निर्माणको कार्य, सवारी चलाउने) महिला, दलित, अपाङ्ग तथा यौनिक अल्पसंख्यकलाई अवसर दिने तथा कार्यगर्ने दुबैलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गर्ने ।<br>• समान कामको समान ज्यालालाई अनिवार्य गर्ने ।<br>• स्थानीय सरकारले गर्ने करार नियुक्ति तथा स्थायी पदपूर्तीमा ३५ प्रतिशत महिला जसमा हिंसा पिडितलाई प्राथमिकता), १५ प्रतिशत दलित र १० प्रतिशत अपाङ्ग अनिवार्य गर्दै संख्याको आधारमा यौनिक अल्पसंख्यकलाई पनि प्राथमिकता दिने ।<br>• नगर प्रहरीमा ३५ प्रतिशत महिलार १५ प्रतिशत दलित प्रहरी रहने गरी नीतिगत ब्यबस्था गर्ने ।<br>• नीजि सम्पतिको स्वामित्व श्रीमान् श्रीमती दुबैको संयुक्त रहने गरी लालपुर्जाको ब्यबस्था गर्ने ।<br>• कृषि, पशुपालन, फलफूल, तरकारी, मौरीपालन लगायतका ब्यबसायिक क्षेत्रलाई प्रवर्द्धन र आधुनिकिकरण गर्दै महिलाको सुरक्षित र समान पहुँच बढाउने नीतिगत ब्यबस्था गर्ने ।<br>• कृषि तथा पशुपालनमा पकेट क्षेत्र पहिचान गरी महिला तथा अपाङ्ग कृषकलाई पहिलो प्राथमिकता दिने ।<br>• महिला संलग्न रहने घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक मूल्य कायम हुने गरी आर्थिक गणना गर्ने कार्यलाई प्रक्रियागत रुपमा स्थानिय सरकाले अगाडि बढाउने ।<br>• महिला, दलित, अपाङ्ग र सिमान्तकृतको लागि छुट्याइएको बजेट सोही समुहको स्तरोन्नती,सशक्तिकरण, नेतृत्व विकासका लागि खर्च गर्ने ।<br>• स्थानिय पर्यटन विकासमा जोड दिने । |
| **५. हिंसा पिडित र प्रभावित महिला र वालिकाहरुको लागि सहज एवं पहुँचयुक्त** | • न्यायिक समितिलाई सशक्त बनाउँदै ब्यबस्थित इजलाश तयार गर्ने ।<br>• मध्यस्थकर्ताहरुमा लैगिक संवेदनशिलता बृद्धिको लागि तालिमको ब्यबस्था गर्ने । |

| | |
|---|---|
| **सहयोगी संयन्त्रको विकास गर्न गरिने क्रियाकलापहरु ।** | • संघिय सरकार र प्रदेश सरकारले निर्माण गरेका मापदण्ड र निर्देशिकालाई आधार बनाई स्थानिय सरकाले एकिकृत सेवा संचालनका लागि मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।<br>• उजुरी व्यबस्थालाई सहज र प्रभावकारी बनाउन हेल्पलाइन फोनको व्यबस्था गर्ने।<br>• हरेक वडामा मनोविमर्शकर्ताको नीतिगत व्यबस्था गरी कार्यान्वयन गर्न पहल गर्ने, मनोविमर्शकर्ताको विकास तथा व्यबस्थापन गर्ने ।<br>• हिंसापीडित/प्रभावितले निःशुल्क कानूनी सेवासंगै सामाजिक न्याय पाउने सहयोगी संयन्त्रको विकास गर्ने ।<br>• निःशुल्क स्वास्थ्य उपचार हिंसा पिडित र प्रभावित महिलाहरुको लागि उचित सुरक्षा वासको व्यबस्था गर्न सुरक्षित आवासगृह संचालन गर्ने ।<br>• हिंसा प्रभावितका लागि आकस्मिक कोष स्थापना र परिचालन ।<br>• लैंगिक हिंसा सम्बन्धिका घटनालाई समाज मै दवाव पूर्वक मिलाउने पद्धतिलाईनिरुत्साहित गर्ने ।<br>• नगर भित्र शहरी स्वास्थ्य क्लिनिक वा स्वास्थ चौकी र अस्पतालमा एकद्वार संकट व्यबस्थापन प्रणालीलाई सुचारु गर्न पहल गर्ने ।<br>• हिंसा प्रभावितहरुलाई आत्मनिर्भर बनाउन सिप, क्षमता अभिबृद्धि र आर्थिक अनुदानमा ध्यान दिने (सामुहिक तरकारी खेति, व्यबसायिक सिप विकास, व्यबसाय संचालन) ।<br>• हिंसा प्रभावित बालिकाहरुको लागि १२ कक्षा सम्म पढ्न पाउने व्यबस्थालाई सुनिश्चित गर्ने ।<br>• हिंसा प्रभावित परिवर्तनका बाहक भएर काम गर्ने वातावरण तयार गर्नुका साथै क्षमता विकासमा सहजिकरण गर्ने ।<br>• लैङ्गिक हिंसा न्यूनिकरणका लागि घर, परिवार सुरक्षित बनाउन सचेतनाका अभियान संचालन गर्दै ।<br>• प्रहरी, वकिल, स्वास्थ्यकर्मी तथा सेवा प्रदायकहरुलाई लैंगिक संवेदनशिल बनाउन तालिम संचालन गर्नुका साथैसमय समयमा छलफल तथा अन्तरक्रिया गर्ने । |

आज्ञाले
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी राजपत्र